आज मिति २०८३ साल श्रवाण १८ गते दिनको ११ : ०० बजे सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८३/०८४ को पहिलो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | मधुसुदन गैरे | बरिष्ठ लेखा अधिकृत | |
| २ | रनवीर वुढा | सहायक प्रशासकीय अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | लोकेन्द्र विष्ट | सहयोगी | |

## पहिलो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।
२. विभिन्न आयोजनाहरुको म्याद थप सम्बन्धमा ।
३. चालु आ.व.को कार्यक्रम योजना सञ्चालन सम्बन्धमा ।
४. बाखा पकेट कार्यक्रमका लागि वडा छनौट सम्बन्धमा ।
५. करार म्याद थप सम्बन्धमा ।
६. संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत सम्बन्धमा ।
७. स्थानीय दररेट स्वीकृत सम्बन्धमा ।
८. गाउँ शिक्षा योजना स्वीकृत सम्बन्धमा
९. विविध छलफल सम्बन्धमा ।

## २०८३ श्रावण १८ गते बसेको पहिलो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्लो आ.व. भएको भौतिक तथा वित्तिय प्रगतिको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्लो आर्थिक वर्षमा भएका भौतिक तथा वित्तिय प्रगतिको समिक्षा गरियो । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | विभिन्न आयोजनाहरुको म्याद थप सम्बन्धमा । | गाउँपालिकाद्वारा वहुवर्षिय ठेक्का मार्फत सञ्चालन भैरहेका आयोजनाहरुको म्याद थप गर्न आवश्यक रहेको । | गाउँपालिकाद्वारा ठेक्का आह्वान भई समय भित्र सम्पन्न नभएका आयोजनाहरुको हकमा नियमानुसार म्याद थप गरी निर्माण प्रकृया सम्पन्न गर्न कार्यालय निर्देशन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | चालु आ.व.को कार्यक्रम योजना सञ्चालन सम्बन्धमा । | चालु आ.व.को वार्षिक योजना तथा कार्यक्रम तत्काल सञ्चालन गर्न आवश्यक रहेको । | चालु आ.व.को स्वीकृत योजना तथा कार्यक्रम तत्काल सञ्चालनका लागि देहाय वमोजिमको कार्य गर्ने ।<br>देहाय<br>क) उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरु छनौट गरी भदौ मसान्तसम्म उपभोक्ता समिति गठन तथा अभिमूखिकरण गरिसक्ने ।<br>ख) असोज मसान्तसम्म संझौता गरी कार्यादेश दिनुपर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | बाखा पकेट कार्यक्रमका लागि वडा छनौट सम्बन्धमा । | नेपाल सरकार-सशसर्त अनुदान चालु तर्फको आ.व. २०८३/०८४ मा बाखा पकेट विकास कार्यक्रम सञ्चालन स्वीकृत वार्षिक कार्यक्रम सञ्चालनका लागि वडा छनौट गर्न आवश्यक रहेको । | नेपाल सरकार-सशसर्त अनुदान चालु तर्फको आ.व. २०८३/०८४ मा बाखा पकेट विकास कार्यक्रम सञ्चालन स्वीकृत वार्षिक कार्यक्रम सञ्चालनका लागि वडा नं. ३ र ४ लाई छनौट गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | करार म्याद थप सम्बन्धमा । | करार कर्मचारीहरुको म्याद थप गर्न आवश्यक रहेको । | आ.व. २०८२।०८३ का लागि सेवा करार संझौता भई कामकाज गरेका सबै सेवा र समूहका कर्मचारीहरुको का.स.मू.का आधारमा सेवा करार संझौता नविकरण तथा थप गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत सम्बन्धमा । | सुनिलस्मृति गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन स्वीकृत, २०८३ लाई स्वीकृत गरि मूल्यांङ्कनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्न आवश्यक रहेको । | सुनिलस्मृति गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८३ स्वीकृत गरी मूल्याङ्कनका लागि लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी) नेपालमा पेश गर्ने निर्णय गरियो । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | स्थानीय दररेट सम्बन्धमा । | चालु आ.व.को लागि सञ्चालन हुने सार्वजनिक निर्माण, मालसामान, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय दररेट कायम गर्न आवश्यक रहेको । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३. अनुसार गाउँपालिकाबाट आफ्नो क्षेत्रभित्र सञ्चालन हुने सार्वजनिक निर्माण, मालसामान, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय दररेट कायम गर्नु पर्ने भएकोमा जिल्ला दररेट निर्धारण समिति, रोल्पाबाट आ.व. २०८३/०८४ का लागि कायम गरेको दररेटलाई स्वीकृत गरी लागु गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ८ | गाउँ शिक्षा योजना स्वीकृत सम्बन्धमा । | सामाजिक विकास समिति संयोजकको संयोजकत्वमा तयार गरिएको पञ्चवर्षिय गाउँ शिक्षा योजनालाई स्वीकृत गर्न आवश्यक रहेको । | सामाजिक विकास समिति संयोजक श्री लोकेन्द्र बहादुर थापाको संयोजकत्वमा तयार गरिएको पञ्चवर्षिय गाउँ शिक्षा योजनालाई आवश्यक परिमार्जन सहित स्वीकृत गरी लागु गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ९ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) आ.व. २०८२/०८३ को आयोजना फरफारक सम्बन्धमा । | क) आ.व. २०८२/०८३ मा सम्पन्न भएका २१० आयोजनाहरुलाई फरफारक गरी उपभोक्ता समितिहरुबाट सम्पन्न भएका १४३ आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नरेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष